स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका विष्णु माझीको तिज गीत 'म त नराउरी' सार्वजनिक हुनेबित्तिकै यसको चर्चा सुरु भएको छ। उसो त तिज नजिकिँदै जाँदा उनको गीत कहिले आउँछ भन्ने सोधीखोजी पनि उस्तै भएको थियो। अन्ततः बुधबार सो प्रतीक्षा पूरा भएको छ। गीत सार्वजनिक भएको २ घण्टामै युट्युबमा १८ हजारभन्दा बढी लाइक र २३०० भन्दाबढी कमेन्ट आइसकेको छ।

**आजको विचार...**



सोमबहादुर थापा

नेताका... *(दुई पेजमा)*

सञ्चारकर्मी लक्ष्मण सुवेदीको निर्देशनमा बनेको फिल्म 'सतीदेवी'को अमेरिका प्रदर्शन तय भएको छ। हरितालिका तीजको अवसर पारेर आउँदो शनिबार अर्थात साउन ३१ गते (१६ अगस्ट) अमेरिकाको भर्जिनिया राज्यमा फिल्मको विशेष प्रदर्शनी हुन लागेको हो। विदेशमा 'सतीदेवी'को प्रदर्शन यो पहिलो हुनेछ। तन्दुरी फेयरफ्याक्स पार्टी प्यालेसमा साँझ ५ बजे सुरु हुने फिल्मको विशेष शोको टिकट मूल्य १५ डलर राखिएको छ।



❒ वर्ष ३१ ❒ अंक २८ ❒ २०८२ साउन २९ गते बिहीबार 14 August 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### सशस्त्र आक्रमणमा ९ सैनिकको मृत्यु

(रासस/एएफपी)

**क्वेटा,** साउन २८/पाकिस्तानको बलोचिस्तान प्रान्तमा सोमबार भएको विद्रोही आक्रमणमा ९ जना सैनिकको ज्यान गएको सरकारी अधिकारीहरूले पुष्टि गरेका छन् । घटना वाशुक जिल्लाको बसीमा क्षेत्रमा भएको हो, जहाँ दर्जनौं सशस्त्र विद्रोहीहरूले प्रहरी चौकी र सीमा सुरक्षा बलको भवनमा आक्रमण गरेका थिए । आक्रमणकारीहरू मोटरसाइकलमा सवार भई आएका थिए र उनीहरूले हातहत्थियार तथा बमको प्रयोग गरेर भवनहरूमा तोडफोड गरेका थिए । एक स्थानीय अधिकारीका अनुसार, सैनिकहरू जब आक्रमणस्थलतर्फ जाँदै थिए, त्यहीबेला विद्रोहीहरूले उनीहरूलाई लक्षित गरी आक्रमण गरेका थिए, जसमा ९ जना सैनिकको मृत्यु भयो । यस घटनामा थप ६ जना सैनिक घाइते भएका छन् । हालसम्म कसैले आक्रमणको जिम्मा लिएको छैन, तर बलोचिस्तानमा बलोच मुक्ति सेना सबैभन्दा सक्रिय सशस्त्र समूह हो, जसले पछिल्लो समय धेरै आक्रमणहरू गरेको छ । यही दिन, अमेरिकाले बलोच मुक्ति सेनालाई विदेशी आतङ्ककारी समूहको सूचीमा राखेको घोषणा गरेको छ । यसअघि उक्त समूहलाई कम कठोर सूचीमा राखिएको थियो, तर पछिल्लो आक्रमणहरूका कारण प्रतिबन्ध कडा बनाइएको हो । मानव अधिकारकर्मी र बलोच पृथकतावादीहरूको भनाइमा, पाकिस्तानी सुरक्षाकर्मीहरूले विद्रोह नियन्त्रण गर्ने क्रममा जबरजस्ती बेपत्ता पार्ने र गैरन्यायिक हत्या गर्ने कार्यहरू गर्दै आएका छन्, जसले स्थिति अझ जटिल बनाएको छ ।

# टक्सारको गणेश रथयात्रा : हराउँदै रौनकता

हाम्रा सवाददाता

**पाल्पा,** साउन २८/पाल्पाको सदरमुकाम तानसेनको टक्सारटोलबाट निकालिने श्री ७ सूर्यविनायक गणेशको रथयात्रा यस वर्ष पनि निकालिएको छ । बुधबार धार्मिक आस्थासँग जोडिएको गणेशको रथयात्रालाई तानसेन नगरपरिक्रम गरी निकालिएको हो ।

टक्सारस्थित मन्दिर परिसरबाट निकालिएको रथ यात्राले तानसेन नगर क्षेत्रका विभिन्न भागको परिक्रमा गरेको थियो । सो क्रममा सूर्यविनायक गणेशको मूर्तिलाई खटमा राखेर नगर परिक्रमा गराइएको थियो । नेवार समुदायका मानिससहित अन्य समुदायका व्यक्तिहरुको समेत सहभागिता रहेको रथयात्रामा भजन गाएर नगर परिक्रमा गरिएको हो । यो हरेक वर्ष श्रीनगर सिद्धि विनायक गणेशको रथयत्रा निकालेको भोलिपल्ट निकाल्ने गरिन्छ । तानसेनका नेवार समुदायले विशेष गरी यो मनाउने गर्छन् । भगवतीको जात्रामा जस्तै युवाहरुले गणेशको रथ बोकेर नगर परिक्रमा गराएका थिए । अगाडि-अगाडि भजन र पछिपछि रथ डुलाइएको थियो । परिक्रमा गर्न हिडालिएको रथमा तानसेनवासीले विभिन्न पर्सादहरु चढाउने गरेको देखिन्थ्यो । अघिल्लो दिन जाग्राम बसी भोलिपल्ट बाजागाजाका साथ गणेशको मूर्तिलाई खटमा राखी बजार घुमाइन्छ । गणेशको जन्म भएको दिन भाद्र शुक्लपक्ष चतुर्थी (गणेश चतुर्थी)





बुधबार तानसेनमा निकालिएको श्री ७ सूर्यविनायक गणेशको रथयात्रा । *तस्वीर : राजेन्द्र गोपाल सिंह/एनजेडी*

भए तापनि टक्सारमा प्रत्येक वर्ष गणेशको रथयात्रा भाद्र कृष्णपक्ष चतुर्थीका दिन निकालिन्छ । गणेश रथयात्रा कहिलेदेखि प्रारम्भ भएको हो भन्ने यकिन तथ्य र प्रमाण पाउन नसकिए पनि दोश्रो पटकको आगलागी पश्चात् रथयात्रा प्रारम्भ गरेको अनुमान गर्न सकिन्छ । गणेशको स्थापना २०० वर्षभन्दा पहिले नै भएको अनुमान पुरातत्वविद्हरुले गरेका छन् । पुरानो कथन र भनाइ अनुसार २०० वर्ष भन्दा पहिले टक्सार टोलमा एउटा मसला पिस्ने सिलौटा पाइएको थियो । उक्त सिलौटामा मसला पिस्दा मुसा (छुचुन्द्रो) कराएको आवाज आयो । पिस्न छोड्दा आवाज बन्द हुने र फेरि पिस्दा बारम्बार त्यस्तै आवाज आउने हुँदा यताउता हेर्दा मुसा नदेखिएपछि त्यो सिलौटालाई पल्टाएर हेर्दा गणेशको आकृति पाइएको थियो । तत्पश्चात स्थानीय बासिन्दाको सक्रियतामा त्यही सिलौटालाई दूध, पानीले धोएर हाल गणेश मन्दिर भएको ठाउँमा पूर्व मुख पारेर श्री सूर्यविनायक गणेशको नामले वि.सं. १८६७ नेपाल सम्बत् ९३० (इ.स १८१०) मा वैशाख शुक्लपक्ष अक्षय तृतीयाका दिन स्थापित गरिएको थियो । लामो इतिहास बोकेको यो रथ यात्राको रौनक भने विस्तारै हराउँदै गएको छ । आधुनिकताका कारण यो रथ यात्रासँगै पाल्पामा मनाइने जात्रा, चाडपर्वको रौनक घटेको हो । जात्रा खर्चिलो भएकाले पनि आर्थिक अभावका कारण पछिल्ला वर्षहरुमा गाई जात्रा, रोपाइँ जात्रा निकाल्ने प्रचलन कम हुँदै गएको छ । जिल्लाको गहनाका रुपमा रहेका यि संस्कृतिहरुको संरक्षणमा कसैको पनि ध्यान जान नसकेको संस्कृतिका जानकार राजेन्द्र गोपाल सिंहले बताए । उनले भने "स्थानीय कलासंस्कृतिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएपनि यसतर्फ खासै चासो दिएको देखिदैन । जात्राहरु धार्मिक, साँस्कृतिक र मनोरञ्जनसँग जोडिएकाले पनि संस्कृति जोगाई राख्न नयाँ पुस्तालाई यसतर्फ आर्कषित गर्न सकिएको छैन । जसले गर्दा पनि यहाँका जात्रा, पर्वहरु विस्तारै लोप हुन लागेका छन् ।" टक्सार गणेश जात्राको भोलिपल्ट भिमसेन टोलबाट भिमसेन जात्रा निकालिने सिंहले बताए । भिमसेन भनेका महाभारतका बलवान शक्तिशाली भिम हुन् ।

## चार जना मृत अवस्थामा फेला



**पाल्पा,** साउन २८/देशका विभिन्न स्थानमा चार जना मृत अवस्थामा फेला परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार गुल्मी, कञ्चनपुर, काठमाडौंका छुट्टाछुट्टै स्थानमा चार जना मृत फेला परेका हुन् ।

गुल्मीको चन्द्रकोट गाउँपालिका-८ रामपुरस्थित पोखरीमा एक जना मृत फेला परेका छन् । गुल्मी दरबार गाउँपालिका-१ नेटा घर भएका ४५ वर्षीय तुल्सी बहादुर क्षेत्री मृत अवस्थामा फेला परेका हुन् । यस्तै काठमाडौं महानगरपालिका-२६ गौंगबु मित्रनगरस्थित होटल नुर एण्ड रेष्टुरेन्टको तेस्रो तलाको कोठा नम्बर ३०२ मा अर्को एक जना मृत अवस्थामा फेला परेका छन् । गत साउन १९ गते देखि बस्दै आएका कास्की माछापुच्छे गाउँपालिका-३ घर भएका २३ वर्षीय विपिन भुजेल सोही कोठाको बाथरूममा मृत अवस्थामा फेला परेका प्रहरीले जनाएको छ । यस्तै काठमाडौंकै तारकेश्रुवर नगरपालिका-४ ढुङ्गेधारा डेरा गरी बस्ने नुवाकोट शिवपुरी गाउँपालिका-३ घर भएकी ५० वर्षीया ठुलीमाया तामाङ आफ्नै कोठामा मृत अवस्थामा फेला परेकी छन् । उता कञ्चनपुरको बेदकोट नगरपालिका-५ पोलखरीस्थित पूर्व झले खोला किनारामा सोही नगरपालिका-६ मुसेपानी बस्ने ३५ वर्षीय बिनोद चौधरी मृत अवस्थामा फेला परेका छन् । चार वटै घटनाको विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## 'बाँदरको आतङ्कले ग्रामीण बस्ती नै रित्तो भइसक्यो'

तारानाथ आचार्य

**बलेवा (बागलुङ),** साउन २८/ काठेखोला गाउँपालिका-६ का थानेश्वर कँडेलले बाँदर आतङ्क छल्न अन्नबाली लगाउनै छाडे । उनले केही वर्षदेखि बारीमा अदुवा र अलैंची लगाउन थालेका छन् ।

अन्नबाली र तरकारीखेती गर्न बाँदर नै बाधक भएको उनको गुनासो छ । "घरमा बूढाबूढीमात्र बस्ने, बाँदर आएर बारीको केही नराख्ने भएको छ" कँडेलले भने, "बाँदरबाट बचाउन सकिने बालीमात्र लगाउन थालेका छौं ।" अत्यावश्यक भए पनि कतिपय तरकारी र फलफूल बजारबाट ल्याउने गरेको उनले बताए । बाँदरले नखाएकाले कँडेलजस्तै यहाँका किसानले सुन्तला बारीमा अदुवा लगाएको बताए । कतिपय किसानले भैंसीपालन व्यवसाय रोजेका छन् । दूध उत्पादनबाट केही फाइदा भए पनि धेरै दु:ख गर्न बाध्य बनेको स्थानीय टङ्क कँडेलले बताए । "भैंसी पाल्नेले एकैछिन बस्न पनि पाइँदैन, घर छाडेर



कतै जान पनि पाइँदैन", उनले भने, "बाँदर नियन्त्रणको कार्यक्रम नभई भएन, घरभित्रै पसेर पकाएको खानासमेत खाइदिए ।" काठेखोला गाउँपालिकाका दर्जनौं किसानले बारीमा मकै छाडेर अदुवाखेती थालेका छन् । मूल्यमा पटकपटक गिरावट आउने, बजारीकरणमा समस्या भए पनि उनीहरूले बाँदरबाट जोगाउन यो काम गरेका हुन् । अलैंची लगाएर पनि उनीहरूले फाइदा लिन भने सकेका छैनन् । तर बाँदरबाट बचन खेतीपातीमा परिवर्तन गरेको बताए । किसानले सुन्तला भने लगाएका छन् । दसैंतिहारको समय ख्याल गरेर जोगाउन सकेमा केही फाइदा लिन सकिने भएकाले सुन्तलाखेती गरेको किसानले बताए । सुन्तलाबाट वर्षमा लाखौं कमाई गर्ने किसान बिहुँमा छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## डेंगु रोकथाम र नियन्त्रणमा ध्यान देऊ

मुलुकभर डेंगु फेरि फैलिँदै छ । वर्षा शुरु भएसँगै डेंगु रोगका विरामीहरु अस्पतालमा बढ्न थालेका छन् । संक्रमणको जोखिम पहिलेभन्दा गम्भीर ढंगले पहाडी र हिमाली क्षेत्रमा समेत फैलिएको छ । डेंगु मात्रै नभई अन्य पानीजन्य र कीटजन्य रोगहरूले पनि व्यापक असर पार्न थालेका छन् । यसतर्फ सचेत हुन आवश्यक छ । विगतमा डेंगुका कारण धेरैले ज्यान गुमाउनु परेको थियो । त्यस बेलाको चेतना र अनुभवबाट पाठ सिक्नुको सट्टा राज्य संयन्त्र अहिले लाचारीको अवस्थामा छ । स्थानीय तहहरूले विगतमा लामखुट्टे खोजी तथा नष्ट गर्ने अभियान चलाए पनि अहिले यस्ता गतिविधि देखिँदैनन् । राज्यको निष्क्रियता, जनसाधारणको असावधानी र रोग नियन्त्रणको तयारी नहुनुले गर्दा डेंगुले महामारीको रुप नलेला भन्न सकिन्न ।

डेंगु भाइरस एडिस एजिप्टाई लामखुट्टे र एल्बोपिक्टस जातका पोथी लामखुट्टेबाट सर्छ । प्रायः दिउँसो टोक्ने यी लामखुट्टेले नै चिकनगुनियाँ, यलो फिभर, जिका संक्रमणसमेत फैलाउँछन् । यो रोग मानिसबाट मानिसमा सर्दैन । संक्रमित व्यक्तिलाई टोकेको लामखुट्टेले स्वस्थ व्यक्तिमा सार्छ । घाम उदाएको २ घण्टादेखि र घाम अस्ताउनुभन्दा २ घण्टा अगाडिसम्म यो लामखुट्टे बढी सक्रिय हुन्छ । त्यसैले उक्त अवधिमा बढी सतर्कता अपनाउनुपर्छ ।संक्रमणबाट बच्ने एउटै उपाय, यो रोग सार्ने लामखुट्टेको टोकाइबाट जोगिनु हो । यसका निम्ति पहिलो त, लामखुट्टेलाई फैलने वातावरण दिनु हुन्न । टिनका डब्बा, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाका बोक्रा, ड्रम, गमला, पानी ट्याकीजस्ता पानी जम्ने भाँडामा यो लामखुट्टेले फूल पार्छ । त्यसैले यसलाई हुर्कनै नदिन घरभित्र मात्र होइन, वरिपरि पनि पानी जम्न दिनु हुँदैन । भाँडाकुँडा, गमला, छत, बरन्डा, बार्दलीलगायत घरका सबै अन्तरकुन्तरमा ध्यान पुऱ्याउनुपर्छ । एउटा मात्रै लामखुट्टे छुट्यो भने पनि त्यसको वंशवृद्धिले छोटो समयमै टोल नै प्रभावित पार्न सक्छ । दोस्रो, लामखुट्टे र त्यसका लार्भा नष्ट गर्न सरकारी संयन्त्रहरूले औषधि छर्कने अभियान चलाउनुपर्छ । यस क्रममा अन्तर्राष्ट्रिय रूपमा वर्जित विषादीहरूको प्रयोग भने गर्नु हुन्न । कम्तीमा 'पोस्ट मनसुन' अर्थात् कात्तिक–मसिरसम्म प्रकोप जारी रहन सक्छ । हिउँदमा लामखुट्टे निष्क्रिय रहेका बेला त्यसका अन्डा, लार्भा र प्युपा नष्ट गर्न नसके अर्को वर्ष फेरि डेंगु देखिनेछ' त्यसैले सरकारले यो अभियानमा विशेष जोड दिन जरुरी छ ।

### Opinion @ Social Network

नाता र सम्बन्धले कोहि आफ्नो हुदैन
जस्ले दुखमा साथ दिन्छ त्यही आफ्नो मान्छे हो ।
(युवराज थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Youbraj.333)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेताका लोभ र स्वार्थको परिबन्दमा परेको देशको विकास



सोमबहादुर थापा

नेपालको राजनीतिमा नीति, सिद्धान्त, नैतिकता, आचरण र व्यवहारको अभावमा गुज्रिरहेको छ । यो सर्वसाधारणले मात्रै भनेका छैनन् कि सबै दलका नेताहरूबाट पार्टी बैठक र अन्य सार्वजनिक मन्चमा यस्ता विचार प्रकट हुने गरेको देखिन्छ । आफूलाई लागेको कुरा भन्न र लेख्न पाउनु लोकतान्त्रिक शासन व्यवस्था र लोकतान्त्रिक संविधानको मूलभूत चरित्र र विशेषता हो । संघीय लोकतन्त्रको स्थिरता र विकासका लागि नेताहरूमा र राजनीतिमा स्वच्छता, दूरदर्शिता, नैतिकता, ईमान्दारिता, पारदर्शिता, जवाफदेहिता, राष्ट्रप्रेम, र जनताको दुःख र पीडामा मल्हमपट्टी लगाउने भावना र सोच हुनुपर्छ । यसका साथै नेताले परिणाममुखी काममा जोड दिनुपर्ने, सादा र मितव्ययी जीवनशैली अपनाउनुपर्ने, भोट दिने र नदिने दुवैलाई समान व्यवहार गर्न पर्ने, कानुनको शासनलाई मजबुत पार्न आफू पनि कानुन र संविधानको सीमाभित्र रहेर काम गर्न पर्ने, र सबै वर्ग र तप्काको राय-सुझाव लिई विवेकपूर्ण नीति बनाई काम गर्नपर्ने हिम्मत र आँट देखाउन आवश्यक हुन्छ । स्पष्ट नीति र दूरदर्शी सोच नभए समाज र देश अगाडि बढ्न सक्दैन । देश बनाउने जिम्मेवारी नेताको मात्रै नभएर सबैको हो । तर पनि देश बनाउने जिम्मेवारी नेताको बढी हुन्छ भन्ने कुरा प्रत्येक राजनीतिकर्मीले बुझ्न जरुरी छ । हामीले युरोप र अमेरिकी देशसँग तुलना गर्न सक्दैनौं, हङकङ, सिंगापुर, भियतनाम, मलेसिया, ताइवान, भारत, चीन, थाइल्यान्डसँग तुलना गर्दा नेपाल किन पछि पऱ्यो र उनीहरू किन समृद्धि र विकासको बाटोमा अगाडि बढे भन्ने यथार्थ कुरा थाहा पाउन सक्छौं । नेपालमा २००७ सालदेखि राजनीतिक आन्दोलन र क्रान्ति धेरै भए, धेरै नेताहरू शासनमा बस्न पुगे । तीमध्ये कतिले राष्ट्र र जनताको हितमा के काम गरे भन्ने कुराको निष्पक्ष अध्ययन र अनुसन्धान गर्न पर्ने भएको छ । देश र जनताको हितमा काम गर्ने राजनीति र नेता देश र जनताका साझा सम्पत्ति हुन् । अर्कोतिर, देश र जनतालाई लुट्ने, अनियमितता र भ्रष्टाचार गर्ने, नातावाद र कृपावादमा विश्वास गर्ने नेता र राजनीति देश र जनताका लागि अभिशाप हुन् । जनतालाई संविधानमा सार्वभौम भनेर मात्रै हुँदैन, राजनीति र नेताहरूको कामको निष्पक्ष मूल्यांकन गर्न दिई लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ गर्न जरुरी छ । देशको विकास राजनीति, नेताहरूको सोचविचार, नैतिकता र ईमान्दारिता तथा असल किसिमको शासन प्रशासनमा निर्भर रहन्छ भन्ने कुरा ऐतिहासिक कालदेखि हालसम्मका विश्वका विभिन्न राजनीतिक घटनाक्रमहरूको अध्ययनले देखाएको छ । सबै देशको राजनीति र शासन प्रशासनमा लोभ र स्वार्थ देखिनु हुँदैन भन्ने मान्यता र सिद्धान्त छ । तर, विश्वका धेरैजसो देशमा स्वार्थ र लोभले राजनीति र शासन प्रशासनलाई नराम्ररी गाँजेको रिपोर्ट आइरहेको पाइन्छ । नेपालको राजनीति, शासन प्रशासन र नेताहरूलाई स्वार्थ र लोभले झन् बढी प्रभाव पारेकाले शासन प्रशासन र राजनीतिमा अनियमितता, भ्रष्टाचार र सार्वजनिक साधन र स्रोतको हिनामिना र दुरुपयोग बढ्दो छ । यसैले नेपालमा आर्थिक समृद्धि र विकास नहुनुमा अनियमितता र भ्रष्टाचार पहिलो कारण देखिएको छ भने दोस्रो कारण नेताहरूमा बढ्दै गएको सत्ता र स्वार्थको लोभ हो । हाम्रा नेताहरू सत्ता र स्वार्थको लोभबाट मुक्त हुन नसक्दा देश र जनताको अवस्था दिनानुदिन गिर्दो छ । राजनीतिक दलहरू २०८४ को चुनावमा बहुमत हासिल गर्ने लक्ष्यका साथ अघि बढेका छन् । आमजनताले प्रत्येक नेतालाई उपलब्धिपूर्ण र ठोस काम के गऱ्यो भनी सोध्नुपर्ने भएको छ । राम्रो काम नगर्ने र अनियमितता र भ्रष्टाचारमा रमाउने नेतालाई जनताले २०८४ को चुनावमा पाखा नलगाए देश अझ पछाडि धकेलिन जान्छ, त्यसैले विवेकसाथ निर्णय गर्नुपर्ने भएको छ । शासन प्रशासन र राजनीतिमा स्वार्थ र लोभ बढ्नु भनेको देश र जनताको भविष्य बिगार्नु हो । यस्तो नेता, कर्मचारी र राजनीतिका पछाडि लाग्नु भनेको आफ्नै खुट्टामा बन्चरो हान्नु हो । कुनै पनि राजनीतिक दलको विधान, नीति र सिद्धान्त हेर्ने हो भने स्वार्थ र लोभ भन्ने कुरालाई प्रश्रय वा मान्यता दिएको देखिँदैन । सबै दलका विधानमा असल समाज र समुन्नत राष्ट्रको परिकल्पना गरिएको पाइन्छ । तर नेपाली नेताहरूको आचरण र व्यवहार भने त्यसअनुसार भएको देखिँदैन । आज उनीहरूको बसाइ-उठाइ दलाल, माफिया र स्वार्थसमूहसँग बढ्दै गएको सर्वत्र चर्चाको विषय बनेको छ । नेपाललगायत सबै देशका जनताले वास्तवमा हिजोको भन्दा बढी सुविधा, सहुलियत, राम्रो र दक्ष तथा परिष्कृत सेवा प्रवाह (बेटरमेन्ट) खोजेका हुन्छन् । यो स्वाभाविक कुरा हो । राजनीति र शासन प्रशासनले दिनुपर्ने कुरा यही हो । तर व्यवहारमा यस्तो देखिएन । यही ठूलो चिन्ताको विषय बनेको छ । सरकारले राम्रो काम वा सेवा सुविधामा सहुलियत दिनुभन्दा कर थुपारेर जनतालाई रुवाइरहेको अवस्था छ । शासन प्रशासनमा बस्नेहरूको लोभ र स्वार्थकै कारण सरकार र सरकारी संयन्त्रले लक्ष्य र प्रतिबद्धता अनुसारको काम र सेवा सुविधा दिन नसकेको हो भन्नुमा अन्यथा छैन । हाम्रो सरकार प्रत्येक वर्ष संसदबाट स्वीकृत बजेट पनि खर्च गर्न सकेको देखिँदैन । विकासका काम पनि लक्ष्य अनुसार पूरा गर्न सकेको देखिँदैन । मोरङको इटहरी खण्डमा छ वर्षसम्म ठेकेदारबाट छ किलोमिटर पनि सडक बन्न नसकेको समाचार पढ्नुपर्ने बाध्यता छ । यस्तो क्रियाकलाप जिम्मेवार राजनीति र शासन प्रशासन हुनै सक्दैन । यस्तो नालायक र असक्षम सरकारको कार्यशैली र संयन्त्रलाई दण्डित गर्नुपर्ने अवस्था आएको छ ।

अर्को कुरा, नेपाली राजनीतिमा स्वार्थ समूह र लोभी-पापीको जमातले राजनीतिलाई नराम्ररी प्रभाव पारेको देखिन्छ । २०७० यता दुई पटकसम्म दुईतिहाइ लगभगको सरकार बने पनि देशले विकासमा र आर्थिक समृद्धिमा फड्को मार्न सकेन । यसको मूल कारण लोभ र स्वार्थ नै हो । शासन सत्ता सम्हाल्ने जिम्मेवारी पाएपछि नेताहरू किन लोभ र स्वार्थमा डुब्छन् भन्ने अध्ययन र विश्लेषण नहुनु दुःखको कुरा हो । कर्मचारी मात्रै नभएर बहालवाला मन्त्री र पूर्वमन्त्रीहरू कमिसन र पैसा माग्दै हिँडेको पोखरो जग्गा प्रकरणमै देखियो । यो प्रकरणबारे न मन्त्रिपरिषद्मा छलफल हुन्छ, न संघीय संसद र यसका विषयगत समितिमा यसबारे छलफल हुन्छ । यसलाई शासन प्रशासनमा बस्नेहरूको स्वच्छता, नैतिकता, ईमान्दारिता र जवाफदेहितामा आएको स्खलन भन्नुपर्छ । तिनै तहका सरकारमा अनियमितता र भ्रष्टाचारका यस्ता अनेकौं घटना घटिरहँदा पनि जनता र राष्ट्रका लागि काम गर्नुपर्ने कार्यकारिणी, न्यायपालिका र व्यवस्थापिका मूकदर्शक भएर बस्दा संघीय लोकतन्त्र माथि अनास्था बढ्दै गएको छ । संघीय संसद र न्यायपालिकालाई सरकारले आफ्नै छायाँमा पार्ने कोसिस गर्दा यी दुवैको अस्तित्व र औचित्य सावित गर्न गाह्रो भएको अवस्था छ । संघीय संसदले पारित गरेको गिरिवन्धु टी-स्टेटसम्बन्धी कानुन नै संविधानविपरीत छ भन्ने कुरा आइरहेको सन्दर्भमा सरकारले हतार-हतार गरी स्वार्थसमूहलाई लाभ हुने गरी भूमिसम्बन्धी विधेयक संघीय संसदमा पेश गरेको भनी विपक्षी दलहरूले आरोप लगाइरहेका छन् । यसतर्फ ध्यान नदिई संघीय संसदले विधेयक पारित गर्न फास्ट ट्र्याक प्रयोग गर्नु युक्तिसंगत देखिँदैन । प्रधानमन्त्री नेपालको शासन व्यवस्थाको प्रमुख शासक वा कार्यकारिणी मानिन्छ । राष्ट्रपतिलाई राष्ट्राध्यक्ष मानिएको छ । वास्तवमा भन्ने हो भने राष्ट्रपति र प्रधानमन्त्री स्वच्छ, जिम्मेवार, नैतिक, ईमान्दार, पारदर्शी र जवाफदेही भए मन्त्रीहरू, प्रदेश तथा स्थानीय तहका प्रतिनिधि तथा सबै कर्मचारीहरू नैतिक, स्वच्छ, पारदर्शी र ईमान्दार हुन बाध्य हुन्छन् भन्नेमा दुई मत हुन सक्दैन । नेपालमा वा विश्वका अरू देशमा पनि शासन प्रशासनमा स्वच्छता, इमान्दारिता तथा नैतिकताको कुरा माथिल्लो तहबाटै सुरु हुनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । माथिल्लो तहका पदाधिकारी स्वच्छ, नैतिक, इमान्दार, पारदर्शी र जवाफदेही नभए नेपालसहित विश्वका अधिकांश देशहरूमा अनियमितता, सार्वजनिक साधन र स्रोतको हिनामिना तथा दुरुपयोग र भ्रष्टाचार बढेको कुरा ट्रान्सपरेन्सी इन्टरनेशनलका वार्षिक प्रतिवेदनहरूले देखाएका छन् । टिआई करप्सन इन्डेक्स २०२४ ले ३२ मुलुकमा मात्र भ्रष्टाचारको स्तर घटेको उल्लेख गरेको छ । १८० मुलुकमध्ये दुई-तिहाइ मुलुकले ५० अंकभन्दा कम प्राप्त गरेका छन् । नेपालले त ५० अंक त परै जाओस्, ३५ अंक पनि ल्याउन नसकेको देखिन्छ । यसले हाम्रो राजनीति, नेता र शासन-प्रशासनलाई गिज्याएको छ ।

*-बाह्रखरी डटकम*

> *देश बनाउने जिम्मेवारी नेताको मात्रै नभएर सबैको हो । तर पनि देश बनाउने जिम्मेवारी नेताको बढी हुन्छ भन्ने कुरा प्रत्येक राजनीतिकर्मीले बुझ्न जरुरी छ । हामीले युरोप र अमेरिकी देशसँग तुलना गर्न सक्दैनौं, हङकङ, सिंगापुर, भियतनाम, मलेसिया, ताइवान, भारत, चीन, थाइल्यान्डसँग तुलना गर्दा नेपाल किन पछि पऱ्यो र उनीहरू किन समृद्धि र विकासको बाटोमा अगाडि बढे भन्ने यथार्थ कुरा थाहा पाउन सक्छौं । नेपालमा २००७ सालदेखि राजनीतिक आन्दोलन र क्रान्ति धेरै भए, धेरै नेताहरू शासनमा बस्न पुगे । तीमध्ये कतिले राष्ट्र र जनताको हितमा के काम गरे भन्ने कुराको निष्पक्ष अध्ययन र अनुसन्धान गर्न पर्ने भएको छ । देश र जनताको हितमा काम गर्ने राजनीति र नेता देश र जनताका साझा सम्पत्ति हुन् ।*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। अरुलाई सल्लाह दिनबाट बच्नुहोस। | **तुला** : प्रवृत्तिले समस्या निम्त्याउन सक्छ। अरूलाई प्रभावित पार्न सक्नुहुनेछ। |
| **वृष** : नयाँ योजनाहरू कोरिनेछन्। चलचित्र वा कलाको क्षेत्रमा विशेष सफलता मिल्ला। | **वृश्चिक** : नयाँ कुरा सिक्ने अवसर मिल्नेछ। पहिला गरेको कार्यको उचित प्रतिफल मिल्नेछ। |
| **मिथुन** : व्यापार व्यवसायमा लाभ र हनेछ। नोकरी वा पेशामा प्रभाव बढ्नेछ। | **धनु** :आपसी समझदारीमा कमी आउन सक्छ।कार्यको प्रतिफल नमिल्ला। |
| **कर्कट** : उच्च शिक्षामा नयाँ अवसर मिल्नेछ। अध्यात्म र धर्म कर्ममा मन लाग्नेछ। | **मकर** :नसोचेका कार्यमा सफलता मिल्नेछ। कृषि क्षेत्र र पशुपालनबाट लाभ रहनेछ। |
| **सिंह** : आफ्नो विचार राख्नुहोस् । शरीरमा कमी कमजोरीको अनुभूति हुनेछ। | **कुम्भ** : सञ्चित धनमा वृद्धि हुनेछ। सहयोग मिल्नाले आत्मबल बढ्नेछ। |
| **कन्या** : साझेदारी व्यापारमा लाभ र हनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **मीन** : प्रष्ठित कार्य गर्ने अवसर मिल्नेछ। व्यापार व्यवसायमा राम्रो फड्को मार्न सकिनेछ। |




हँस्यौली

# विचित्र स्वभावको मानिस



धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एक जना नसरुद्दिन नामका सज्जन थिए । उनको हरेक क्रियाकलाप अनौठा किसिमका हुन्थे । स्वभाव अनौठो थियो व्यवहार उट्पट्याङ । उनको व्यवहार देखेर गाउँलेहरू कहिले हाँस्थे कहिले हैरान हुन्थे । भाइबहिनीहरूका मनोरञ्जनका लागि यहाँ यस्तै एउटा प्रसङ्ग प्रस्तुत गरिएको छ । एक दिनको कुरा हो । नसरुद्दिनको गाउँमा कुनै सार्वजनिक कार्यक्रम थियो । गाउँलेहरूले कार्यक्रमको प्रमुख अतिथि उनैलाई बनाउने विचार गरी उनी समक्ष गएर भने- विज्ञापन पोस्ट गर्नुहोस् सबै हेर्नुहोस् 'आज अमुक स्थानमा अमुक कार्यक्रम छ । तपाईंलाई मुख्य अतिथि बनाउने विचार गरेका छौँ नाइनास्ति नगरिदिनुहोला । कार्यक्रमलाई सम्बोधन गरी मार्गदर्शन गरिदिनुहुन आग्रह गर्छौं ।' नसरुद्दिनले पहिले त मानेका थिएनन् तर गाउँलेहरूले निकै कर गरेपछि स्वीकृति दिए । निश्चित समयमा कार्यक्रम सुरू भयो । नसरुद्दिन प्रमुख अतिथिको आसनमा विराजमान भए । सबैको मन्तव्य राख्ने क्रम सकिएपछि उनको बोल्ने पालो आयो । उपस्थित सज्जनहरू नसरुद्दिनले के बोल्ने हुन् भनेर कान ठाडो बनाउन लागे । उनी सभालाई सम्बोधन गर्दै भन्न लागे- 'उपस्थित भद्र महिला तथा सज्जन वृन्द ! आज मैले यहाँ के भन्दैछु भन्ने कुरा तपाईंहरूलाई थाहा छ ?' सभाबाट सामुहिक आवाज आयो- 'छैन महाशय ! हामी त्यही सुन्न प्रतीक्षा गरिरहेका छौँ ।' उनीहरूको कुरा सुनेपछि नसरुद्दिनले रिसाउँदै भने- जब तपाईंहरूलाई मैले के बोल्दैछु भन्ने नै थाहा छैन भने यस्तो स्थानमा आफ्नो कुरा सुनाउनुको के अर्थ ?' यति भनेर बाटो लागे । उनको व्यवहार देखेर उपस्थित सबैले आश्चर्य त लाग्यो तर कहाँ के भयो बुट्न सकेनन् । उनीहरूले सोचे सायद आज कुनै गल्ती भएछ क्यारे, भोलि माफी मागेर फेरि बोलाउनुपर्ला । यस्तैयस्तै सोचेर भोलिपल्ट गएर भने- 'महाशय ! हिजोका लागि माफी चाहन्छौँ । जहाँ जे भएको भए पनि बिर्सिदिऊँ । आज आएर आफ्नो भनाइ राखिदिनुहुन अनुरोध गर्दछौँ ।' त्यस दिन पनि नसरुद्दिन आउन राजी भए । निश्चित समयमा कार्यक्रम सुरू भयो । उनले हिजो जस्तै सभालाई सम्बोधन गर्दै भने- 'भद्र महिला तथा सज्जन वृन्द ! आज त पक्कै तपाईंहरूलाई म के बोल्दैछु भन्ने कुरा थाहा छ होला होइन ?' उपस्थित जनसमुदायले हिजो थाहा छैन भनेकाले रिसाएर हिँडे । त्यसैले आज थाहा छ भन्नुपर्ला भन्ने सोचेर सामुहिक स्वरमा भने- 'थाहा छ महाशय ! आज हजुरले के भन्दै हुनुहुन्छ भन्ने कुरा बिहानै कण्ठ बनाएर आएका छौँ ।' उनीहरूको कुरा सुनेर नसरुद्दिन बोले- 'जब यहाँहरू सबैलाई मैले के बोल्दैछु भन्ने कुरा पहिले नै थाहा छ भने पुन: बोलिरहनुको के अर्थ ?' यति भनेर आज पनि कार्यक्रम छाडेर आफ्नो बाटो लागे । गाउँलेहरू पुन: हैरान भए । आखिर के भएको छ यिनलाई ? यसो भन्दा पनि हुँदैन उसो भन्दा पनि हुँदैन । तैपनि हिम्मत हारेनन् र अब हामीमध्ये आधाले थाहा छ भनौँ आधाले थाहा छैन भनौँ तैपनि उनको भावाना बुझ्न सकिन्छ कि भन्ने ठानेर भोलिपल्ट फेरि बोलाए । हिजोअस्ति जस्तै आज पनि नसरुद्दिनले सभालाई सम्बोधन गर्दै भने- 'उपस्थित जनसमुदायहरू ! आज मैले के बोल्दैछु भन्ने यहाँहरू थाहा छ ?' पूर्वसहमति अनुरूप उपस्थित जनसमुदायमध्ये आधाले थाहा छ भने आधाले छैन । त्यसपछि नसरुद्दिनले विनम्रतापूर्वक सम्झाउँदै भने- 'तपाईंहरूमध्ये आधालाई थाहा रहेछ । आधालाई रहेन छ । त्यसैले विनम्रतापूर्वक के भन्न चाहन्छु भने थाहा हुनेले नहुनेलाई बताइदिनुहोला ।'यति भनेर फटाफट हिँडे । उनको व्यवहार देखेर गाउँलेहरूको धैर्यको सीमा नाघ्यो । उनीहरूले यस्ता बेढङ्गीको मानिसलाई बोलाएर समय बर्बाद गर्नुभन्दा वास्ता नगर्नु नै बेस भन्ने ठानेर बोलाउनै छाडे । *-रातोपाटी डटकम*





**नामः प्रान्सिका भट्टराई**
**उमेर : ७ वर्ष**
**कक्षा : २**
**स्कुल : सेन्ट कपितानियो स्कुल**

निबन्ध

तोमनाथ उप्रेती

# करुणाको आवाज

*बालबालिकालाई करुणा, सहानुभूति, दया जस्ता मानवीय मूल्यहरूमा शिक्षित गरियो भने तिनीहरू दयालु, समझदार र सामाजिक उत्तरदायित्व बोध गर्ने नागरिक बन्न सक्छन् । विद्यालय, परिवार र समाजले मिलेर यस्तो शिक्षा दिनुपर्छ ।*

करुणा शब्द संस्कृतको 'कृ' धातुबाट आएको हो, जसको अर्थ 'सम्झनु' र 'दु:ख बुझ्नु' हुन्छ । करुणा भनेको अरूको पीडा देखेर मात्र दया गर्नु होइन, त्यो पीडा आफैंको जस्तो महसूस गरेर त्यसको समाधान खोज्ने सक्रिय भावना हो । जब फदयले कसैको दु:खलाई गहिरो रूपमा महसूस गर्छ, तब त्यो करुणा हाम्रो व्यवहारमा परिणत हुन्छ । करुणा मानव जीवनको अत्यन्त पवित्र र आधारभुत गुण हो, जसले मानिसलाई अरूको दु:ख बुझ्न र सहयोग गर्न प्रेरित गर्दछ । यो भावना सहानुभूति वा दयामा सीमित हुँदैन, बरु मानिसलाई पीडितको सहयोग गर्न प्रेरित पार्छ । हामीले जब अरूको दु:खलाई आृनो दु:खझैं अनुभव गर्छौं, हाम्रो फदय करुणाले भरिन्छ र हामी राहत दिन चाहन्छौँ । यही करुणाले समाजमा मानवता, सद्भाव, र आपसी सहयोगको भावना फैलाउँछ । करुणा नै समाजलाई एकताबद्ध राख्ने र मानवीय सम्बन्धलाई बलियो बनाउने आधार हो । यसको अभ्यासले नै जीवनमा शान्ति र प्रेम स्थापना गर्न सकिन्छ । यसैले फदयले बोलाएको करुणाको आवाजले मात्र साँचो मानवता र नैतिक जीवन सम्भव हुन्छ । करुणाको प्रभाव व्यक्तिमा मात्र सीमित रहँदैन, यसले समाजलाई पनि सकारात्मक रूपले परिवर्तन गर्छ । जब समाजका सदस्यहरू एकअर्काप्रति करुणाशील हुन्छन् तब त्यहाँ हिंसा, विभेद, शोषण, दम्भ र घृणाजस्ता नकारात्मक प्रवृत्तिहरूको अन्त्य हुँदै जान्छ । करुणाले स्वार्थभन्दा माथि उठेर सेवा, सह-अस्तित्व र समर्पणको बाटो खोल्छ । करुणाशील समाजमा सबै प्राणीलाई जीवनयापनका आधारभूत सुविधाहरू प्राप्त हुन्छन्, र कसैले पनि उपेक्षित वा असहाय महसूस गर्दैन । धार्मिक, दार्शनिक र सांस्कृतिक दृष्टिले पनि करुणाको विशेष महत्त्व छ । बुद्ध, ईसा, महावीर, गान्धी लगायत महान् विभूतिको जीवनमा करुणा प्रमुख मार्गदर्शक शक्ति थियो । उनीहरूले करुणाको माध्यमबाट हिंसाको अन्त्य, प्रेमको प्रचार र मानवमुक्ति सुनिश्चित गर्न खोजे । करुणा आत्म-शुद्धिको मार्ग पनि हो, जसले अहंकार, क्रोध, ईर्ष्या र लोभजस्ता विकारहरू हटाउँछ र मनलाई शान्त, निर्मल बनाउँछ । आजको विश्वमा जहाँ आत्मकेन्द्रित सोच, प्रतिस्पर्धा र विघटन बढ्दो छ, करुणाको आवश्यकता झन् बढेको छ । यदि हरेक व्यक्तिले आफूभन्दा कमजोर, पीडित र उपेक्षितप्रति करुणा प्रकट गर्छ भने समाज धेरै नै सुन्दर, न्यायपूर्ण र समावेशी बन्छ । करुणा शिक्षाको अभिन्न अंग हुनुपर्छ, ताकि भावी पुस्ता संवेदनशील, जिम्मेवार र उदार बनून् । यसले व्यक्तिगत चरित्र निर्माणदेखि लिएर सामाजिक रूपान्तरणसम्मको यात्रा तय गर्न सहयोग पुर्याउँछ । करुणा मानवताको मेरुदण्ड हो । यसले हाम्रा व्यवहारमा नम्रता, सेवा र सहानुभूतिको संचार गर्छ । करुणा नभए जीवन यान्त्रिक बन्छ, तर करुणासहितको जीवन नै साँचो मानवीय जीवन हो – जहाँ सबै प्राणीप्रति प्रेम र उत्तरदायित्वको भावना बस्छ । करुणा अर्थात् दया, सहानुभूति र मानवताको भाव हो जुन हरेक मानव फदयमा जन्मन्छ । यो भाव मानिसलाई अरूको दु:ख बुझ्न, त्यसलाई कम गर्न र सघाउन प्रेरित गर्छ । फदयले बोलाएको करुणाको आवाजले मात्र मानव जीवनमा साँचो परिवर्तन ल्याउन सक्छ । यो आवाज दया, प्रेम, र मानवीयता को प्रतिध्वनि हो जुन मनको सतहमा मात्र नभई गहिरो आध्यात्मिक र नैतिक तहमा पनि बजिरहन्छ । जीवनमा करुणा नहुनु भनेको मानवत्वको अभाव हुनु हो । सामाजिक सम्बन्धहरू, परिवार, समुदाय र राष्ट्र सबै करुणाको आधारमा टेकेका हुन्छन् । एक व्यक्तिको करुणाले नै समाजमा सद्भाव, प्रेम र सहयोग फैलाउँछ । फदयलाई प्राय: मानवको भावनात्मक केन्द्र भनिन्छ । तर शास्त्रीय दार्शनिकहरूले फदयलाई शरीर मात्र नभई चेतना र आत्माको केन्द्र पनि मानेका छन् । जब करुणा फदयबाट निस्कन्छ, त्यो भावनात्मक प्रतिक्रिया मात्र होइन, आध्यात्मिक जागरणको संकेत पनि हो । भगवद्गीतामा भगवान् कृष्णले अर्जुनलाई कर्मयोग, भक्तियोग र ज्ञानयोगको शिक्षा दिँदै मानव जीवनको उच्च उद्देश्यको बारेमा बताउनुभएको छ । गीता अनुसार, करुणा (दया) नै सच्चा धर्म र कर्मको आधार हो । गीता (अध्याय १६, श्लोक १-३) मा दुष्टगुणहरूको वर्णनपछि भगवान् कृष्णले सत्त्वगुणहरूको वर्णन गर्नुभएको छ, जसमा करुणा, दया, नम्रता, सत्यता आदि गुणहरूलाई सबैभन्दा ठूलो महत्त्व दिइएको छ । तर यी सबै नकारात्मक गुणहरूको विपरीत, करुणा र दया मानव जीवनका पवित्र गुणहरू हुन् जसले मानिसलाई आध्यात्मिक उन्नतिको बाटोमा अगाडि बढाउँछन् । भगवद्गीताले करुणालाई भावनात्मक प्रतिक्रिया होइन, कर्मयोगको एक आधारभूत अङ्गको रूपमा प्रस्तुत गरेको छ । गीता (अध्याय १२, श्लोक १३-१४) मा भनिएको छ : यस श्लोकमा भगवान् कृष्णले एक आदर्श योगीको स्वभाव वर्णन गर्दै भन्नुभएको छ, जसले सबै जीवहरूमा समान दृष्टि राख्छ र सबैको दु:खमा करुणा अनुभव गर्छ । यसले देखाउँछ कि करुणा र दया योगको अङ्ग हुन् जसले मनलाई स्थिर र विशुद्ध बनाउँछन् । करुणाले समाजमा सहिष्णुता, मेलमिलाप र समृद्धि ल्याउँछ । जब मानिसहरू एकअर्काको दु:खमा करुणा देखाउँछन्, तब हिंसा, द्वेष र विभाजन घट्छ । सामाजिक अन्याय, दासता, र अन्य असमानताहरूलाई करुणा आधारित दृष्टिले मात्र सच्याउन सकिन्छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुधार्मिक समाजमा करुणाको महत्त्व अझ बढी छ । यहाँ करुणाले मात्र भेदभाव, द्वेष र विद्वेषको अन्त्य गर्न सक्छ । फदयले बोलाएको करुणाको आवाजले मानिसलाई आत्मविश्लेषण गर्न र आफ्नो अहंकारलाई घटाएर अरूलाई माया गर्न सिकाउँछ । जब हामीले अरूको पीडालाई बुझ्छौं, तब हाम्रो जीवनमा विनम्रता, प्रेम र सहिष्णुता जन्मिन्छ । करुणाले मात्र मानिसलाई उच्च नैतिक स्तरमा पुर्याउँछह जसले परिवार, मित्रता र सामाजिक सम्बन्धहरू बलियो बनाउँछ । आजको व्यस्त, प्रतिस्पर्धात्मक र प्रविधिमैत्री संसारमा मानिसहरू प्राय: आृना व्यक्तिगत स्वार्थमा फसेका छन् । यस्तो अवस्थामा फदयले बोलाएको करुणाको आवाजलाई चुप लगाउन खोजिन्छ । तर त्यसले मानिसलाई असल जीवनको बाटोबाट डगमग बनाउँछ । आधुनिक जीवनशैलीमा पनि करुणाको स्थान अपरिवर्तित छ । यो सामाजिक न्याय, मानव अधिकार र समावेशी विकासको आधार हो । फदयले बोलाएको करुणाको आवाज जीवनको अमूल्य सम्पत्ति हो जसले हामीलाई मानवता र आध्यात्मिकताको बाटोमा डोर्याउँछ । यसले हामीलाई अरूको पीडा बुझ्न मात्र होइन, त्यसलाई कम गर्न र सहायताको हात बढाउन सिकाउँछ । भगवद्गीताको शिक्षाले हामीलाई यो बोध गराउँछ कि करुणा मात्र नभई दया, नम्रता, र प्रेम नै सच्चा धर्म र जीवनको सार हुन् । हामीले हाम्रो फदयमा यो करुणाको आवाजलाई सदैव सुन्नुपर्छ र त्यसलाई कार्यमा उतार्नु पर्छ ताकि हाम्रो समाज शान्त, समृद्ध र सद्भावपूर्ण बन्न सकोस् ।करुणा भावना मात्र होइन, यो मानवताको एक आधारभूत सद्गुण हो जसले समाजमा मेलमिलाप, सद्भाव र शान्ति कायम गर्न सक्ने गहिरो शक्ति राख्दछ । करुणा भनेको अरूको पीडा बुझ्ने र त्यसलाई कम गर्ने मनोवृत्ति हो, जसले आत्मकेन्द्रित सोचबाट बाहिर ल्याएर अरूको दृष्टिकोणबाट जीवन हेर्न प्रेरित गर्छ । आजको नेपाली समाजमा बढ्दो राजनीतिक वीकरण, वर्गीय विभाजन, जातीय असहिष्णुता, धार्मिक कडपना, सामाजिक असमानता र वैमनस्यताले मेलमिलापको संस्कृति कमजोर हुँदै गएको देखिन्छ । यस्तो अवस्थामा करुणा एक साझा भावनात्मक सेतु बन्न सक्छ, जसले द्वन्द्वलाई संवादमा बदल्न सक्दछ । करुणाले सामाजिक समरसता कायम राख्न सहयोग गर्छ, जहाँ सबैले एकअर्काको अस्तित्व स्वीकार्छन् । करुणावान व्यक्ति मात्र साँचो अर्थमा मानव हुन्छ । यसैले करुणा जीवनको मेरुदण्ड हो, जसले हामीलाई असल मानव बन्न सिकाउँछ र संसारलाई सुन्दर, शान्त र सजीव बनाउँछ । करुणा भावना होइन, यो मानव जीवनको सारभूत तत्त्व हो, जसले व्यक्तिगत स्तरदेखि सामाजिक संरचना, नीति निर्माण, तथा अन्तर्राष्ट्रिय सम्बन्धसम्म प्रभाव पार्दछ । मनोविज्ञान, धर्मशास्त्र, समाजशास्त्र र इतिहासको अध्ययनले करुणालाई शान्ति, सहअस्तित्व र समृद्धिको जड मानिएको पुष्टि गर्छ । करुणा भनेको अरूको पीडा बुझ्ने र त्यसलाई कम गर्न सक्रिय प्रयास गर्ने भाव हो । जब एक व्यक्ति अरूको कष्टप्रति संवेदनशील बन्छ, त्यसले द्वन्द्वलाई कम गर्ने, मनमुटाव घटाउने र सहकार्य बढाउने वातावरण तयार पार्दछ । अन्त्यमा, करुणा बाल्यकालदेखि नै सिकाइनु पर्छ । बालबालिकालाई करुणा, सहानुभूति, दया जस्ता मानवीय मूल्यहरूमा शिक्षित गरियो भने तिनीहरू दयालु, समझदार र सामाजिक उत्तरदायित्व बोध गर्ने नागरिक बन्न सक्छन् । विद्यालय, परिवार र समाजले मिलेर यस्तो शिक्षा दिनुपर्छ । करुणा मानिसको फदयमा उत्पन्न हुने एक यस्तो शक्ति हो, जसले संसारलाई शान्त, सहिष्णु र मानवीय बनाउँछ । जब हामी करुणाको अभ्यास गर्छौं, तब हाम्रो जीवनमा प्रेम, समझदारी र आत्मसन्तुष्टि बढ्छ । साँचो करुणा भनेको अरूको लागि होइन, स्वयंको आत्मिक शुद्धिका लागि पनि अनिवार्य हुन्छ । करुणा नै मानवताको मेरुदण्ड हो । करुणा मानवताको जीवनदायिनी शक्ति हो । यो भावना होइन – तर्क, अनुभव, धार्मिक आस्था, सामाजिक व्यवहार, र वैज्ञानिक तथ्यहरूले पुष्टि गरिएको क्रियात्मक मूल्य हो । करुणा बिना मानव सम्बन्ध कठोर, समाज असंवेदनशील, र शासन अन्यायी हुन्छ । जब करुणा बोलचाल, नीति, शिक्षा, र जीवनशैलीमा व्यावहारिक रूपमा समावेश हुन्छ, तबमात्र शान्तिपूर्ण, समावेशी र सुसंस्कृत समाजको निर्माण सम्भव हुन्छ । त्यसैले, करुणा नै मानवताको मेरुदण्ड हो र शान्तिको अमूल्य स्रोत हो । *-साहित्यपोस्ट डटकम*

# ‘भगवती खटयात्राको तयारी तीव्र पारेका छौं’



**पाल्पा,**साउन २८/श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोककुमार महर्जनले नेपाल-अङ्ग्रेज युद्धमा विजय हासिल गरेको सम्झनामा निकालिने ऐतिहासिक भगवती माताको खटयात्राको तयारीलाई तीव्रता पारिएको बताएका छन् । बुधबार शित्तलपाटी डटकम र युनिक एफएमको भेटवार्ता कार्यक्रममा पत्रकार जगदीश भट्टराईसँगको कुराकानीमा अध्यक्ष महर्जनले आगामी भदौ १ गते निकाल्न लागिएको खट यात्राको तयारीलाई तीव्रता दिइएको बताएका हुन् ।

उनले मूर्ति, मन्दिर सरसफाइ गर्ने देखि जात्रालाई व्यवस्थित बनाउने दिशामा समितिले निरन्तर काम गरिरहेको बताए । अध्यक्ष महर्जनले भने “ हामीले स्थानीय सरकार, जिल्लाका सरोकारवाला निकाय, यहाँ सञ्चालन हुने अन्य जात्राका व्यवस्थापकहरुसँग बसेर जात्रालाई कसरी व्यवस्थित र मर्यादित बनाउन सकिन्छ भनेर सल्लाह लिने र सोही अनुसार काम गर्ने गरेका छौं ।” यस वर्ष २०६ औं भगवती खट यात्रा निकालिने उनले बताए । दुई सय वर्षअघिदेखि भगवतीको रथयात्रा गर्ने प्रचलन कायम राख्दै यो वर्ष पनि आगामी भदौ १ गते रथयात्रा गर्ने तयारी भएको अध्यक्ष महर्जनले बताए । उनले भने, “ऐतिहासिक भगवतीको रथयात्राले भगवतीको महिमाको प्रचार-प्रसार र धार्मिक पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने विश्वास लिएका छौँ । नेपाली सेनाले विजय हासिल गरेको दिनको विशेष सम्झना यसले दिलाउँछ ।” तत्कालीन नेपाली सेनाको पाल्पा कमाण्डर कर्णेल उजिरसिंह थापाले युद्धमा जानुअघि युद्धमा जितेमा तीनतले मन्दिर बनाई भगवतीको सिन्दुरजात्रा गर्ने भाकल गरेका थिए । युद्धमा विजयी भएपछि कर्णेल थापाले विसं १८७७ देखि कृष्ण जन्माष्टमीको भोलिपल्ट विजय उत्सवस्वरुप भगवती जात्रा मनाउन थालेका हुन् । जुन परम्परा आजसम्म चल्दै आएको समितिका अध्यक्ष महर्जनले जानकारी दिए । पूजा तान्त्रिक विधिद्वारा मूलपुरोहितद्वारा ठिक १२ बजेको बली सहितको पूजा, बढाई आतिसबाजी, भगवतीको प्रतिमूर्ति रथमा राखिने समितिका सदस्य सचिव प्रकाशनाथ गंगोलले बताए । उनका अनुसार १२:३० बजे मन्दिर परिसरबाट खटयात्रा ३ तीन पटक मन्दिर घुमाउने र कर्णेल पूजा गरिसकेपछि नगरपरिक्रमा गराईने छ । यसवर्ष कार्यक्रममा सहभागी हुन नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे सहित उच्च पदस्थ व्यक्तिहरु आउने निश्चित भएको सचिव गंगोलले बताए । मूर्ति सहितको खट उठिसकेपछि भगवती मन्दिर परिसरलाई तीन पटक परिक्रमा सहित कर्णेल पुजा एवं बली दिइ खट यात्रा मन्दिर परिसरबाट पूर्व तर्फको मूलढोका हुदै (निशान मन्दिर) शित्तलपाटीबाट सडक ,हुलाक हुँदै गणेश मन्दिरमा परिक्रमा गरि दरवार हुँदै शित्तलपाटी भगवती टोल, बसन्तपुर चोक हुँदै कैलाशनगर चोकसम्म पुऱ्याइने उनले बताए ।त्यहाँबाट सेन्ट क्यापिटानियो हुँदै शित्तलपाटी, अशनटोल, नारायण स्थान चोक पुऱ्याईने छ । त्यहाँ रथ तीन पटक परिक्रमा गरि भिमसेनटोल हुँदै नगरपालिकाबाट नेपाली सेना क्याम्प हुँदै बसपार्क आन्दोलन चोक, बडिझान टोल ,हुलाक चोक, शिल्खनटोल, गौरी शंकर गेष्ठ हाउस, टक्सार हनुमान मन्दिर, गणेश मन्दिर, निशानधारा शित्तलपाटीको भिमसेन मन्दिर हुँदै मुल गेट प्रवेश गरि निशान मन्दिर हुँदै भगवती मन्दिरमा प्रवेश गरि विसर्जन हुने सचिव गंगोलले बताए ।

## ‘बाँदरको आतङ्कले...

...“यो सुन्तलाका लागि उपयोगी स्थान हो, हामीले पनि प्रोत्साहन गरेका छौँ, तर बाँदरबाट जोगाउन गाह्रो भयो भनेका छन्”, कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख राजेन्द्र सिलवालले भने, “बजारीकरणमा सक्दो सहयोग गर्नेछौँ ।” बाँदर आतङ्कै कारण बाली नलगाउनेभन्दा संरक्षणमा ध्यान दिनेगरी किसानलाई सम्झाएको सिलवालको भनाइ छ । गाईभैँसी पाल्नेलाई भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले प्रतिलिटर दूधमा पाँच अनुदान दिएको केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले बताए । “नश्ल सुधार गरिएका भैँसी र गाईको दूधमा अनुदान दिएर किसानलाई निरास हुनबाट बचाउने प्रयास गरेका छौँ”, सापकोटाले भने, “बाँदरको स्थायी समाधान नभए पनि पशुपालनमा भने किसानको आर्कषण छ ।” बागलुङ नगरपालिका-८ का रामबहादुर खड्काले पनि कृषि फसल भित्र्याउन बाँदर आतङ्कले नसकेको र नियन्त्रण गर्न नसकेर हैरान भएको सुनाए । उहाँले त सुन्तलासमेत जोगाउन नसकेको गुनासो गरे । “हेरालो राखेर पनि नसकिने रहेछ, बाँदर नियन्त्रण नभए अन्नबाली र फलफूल लगाएर किसान बाँच्न गाह्रो भइसक्यो”, बाँदरबाट बाली जोगाउन राज्यले पहल गर्नुपर्ने बताए । बाँदरको कारण कृषिबाली जोगाउन समस्या परेपछि कतिपयले घरै छाडेर हिँड्न थालेका छन् । जैमिनी नगरपालिका-१ टुनीबोट १० को राङखानीका अधिकांश बस्ती त रित्तो भइसकेका छन् । काठेखोला गाउँपालिका-५ कै करलिम बस्ती पनि रित्तोजस्तै भइसकेको हो । पेसा फेरेर दूध उत्पादनमा लागेका किसानको पनि गुनासो बढी छ । लागत र दु:ख धेरै भएकाले नाफा कमाउन नसकिने कँडेलले बताए । “एउटै भैँसीलाई रु दुई लाखसम्म पर्छ, दुई वर्षसम्म लगातार दूध बेच्न सकिएन भने लगानी उठ्दैन”, उनले भने । गाईभैसी पालेका किसानले एक दिन घर छाड्न पनि नपाएको उनको गुनासो छ । किसानले दूधमा उचित बजार पनि नपाएको गुनासो गरे । वैकल्पिक बाटो रोजेका किसानलाई उत्पादनमा प्रोत्साहन गर्न बजारीकरण तथा यान्त्रिकीकरणमा साथ दिने सापकोटाले बताए। अवस्थाअनुसारको उत्पादन गरेर आत्मनिर्भर बन्ने बाटो खोज्न लगाएको उनले बताए । दूधको मूल्य बढाउनेबारेमा भने अहिले निर्णय नभएको उनको भनाइ छ । मकैको साटो साइलेज घाँस लगाएर थप आम्दानी गर्न सकिने सापकोटाको सुझाव छ । जैमिनी-८ का रघुनाथ पौडेलले पनि परम्परागत खेती छाडेर मौरी र भैँसी पाल्न थालेका छन् । बजार टाढा भएकाले दूध समयमा पठाउन उनलाई सास्ती छ । तर पनि खेती जोगाउन नसकेपछि पौडेलले बारीमा घाँस लगाएका छन् ।

## खेलकुद समाचार

### ला लिगा खेलाउने योजनालाई रियल मड्रिडले अस्वीकार गऱ्यो



**काठमाडौं,** साउन २८/रियल मड्रिडले अमेरिकामा स्पेनी फुटबल लिग ला लिगा खेलाउने योजनालाई कडा रूपमा अस्वीकार गरेको छ । अमेरिकामा बार्सिलोना र भिल्लारियलबीच ला लिगा खेलाउने योजनालाई मड्रिडले अस्वीकार गरेको बीबीसीले जनाएको छ । यो खेल आउँदो डिसेम्बर २१ मा भिल्लारियलको एस्टाडियो डे ला सेरामिकामा हुने तय भएको छ । स्पेनी फुटबल महासै (आरएफईएफ) अमेरिकामा खेल आयोजना गर्ने प्रस्तावलाई अनुमोदन गरिसकेको छ । स्पेनी फुटबल महासैले अब विश्व फुटबलको सर्वोच्च निकाय फिफा र युरोपेली फुटबल महासै (यूईएफए) बाट यो खेललाई मियामीको हार्ड रक स्टेडियममा स्थानान्तरण गर्न अनुमति लिने खबरमा उल्लेख छ । यो स्टेडियमामा सन् २०२६ को फिफा विश्वकपमा सात वटा खेल आयोजना गर्ने तयारी छ । तर रियल मड्रिडले स्पेनबाहिर खेल खेलाउने प्रस्तावमाथि अस्वीकृति व्यक्त गरेको छ । स्पेनी फुटबल समर्थक सै (एफएएसएफई) ले पनि बार्सिलोना र भिल्ला रियलका फ्यान समूहहरूसँग मिलेर प्रस्तावको दृढ विरोध गरेको छ र यदि यो अगाडि बढ्यो भने उपयुक्त कानूनी कारबाही गर्ने चेतावनी दिएको छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# भारतमा अब एक हजार मेगावाट बिजुली निर्यात



**पाल्पा,** साउन २८/नेपालबाट भारतमा एक हजार मेगावाट भन्दा धेरै बिजुली निर्यात हुने भएको छ । नेपालले भारत र बङ्गलादेशमा गरी एक हजार ५० दशमलव ९ मेगावाट विद्युत निर्यातको अनुमति पाएको हो ।

पछिल्लो पटक अस्ति सोमवार थप दुई सय मेगावाट विद्युत निर्यातका लागि भारतले सहमती दिएपछि निर्यात अनुमति पाउने विद्युतको परिमाण एक हजार मेगावाट कटेको हो । यसअघि भारतमा ८ सय १० दशमलव ९ मेगावाट विद्युत निर्यातको अनुमति थियो । थपिएको दुई सय मेगावाटले भारतमा कुल निर्यात क्षमता एक हजार १० दशमलव ९ मेगावाट पुगेको हो । त्यस्तै अघिल्लो वर्षदेखि बङ्गलादेशमा निर्यात शुरू भएकोमा अहिले ४० मेगावाट निर्यात भइरहेको छ । भारत र बङ्गलादेश दुवै देशमा गरी नेपालको कुल विद्युत निर्यात स्वीकृति १ हजार ५० दशमलव ९ मेगावाट पुगेको नेपाल विद्युत प्राधिकरणले जनाएको छ । पछिल्लो पटक भारत सरकारले नेपालका ६ वटा जलविद्युत आयोजनाबाट उत्पादन भएको विद्युत खरिदका लागि सहमती दिएको हो । भारतले सहमति दिएका आयोजनाहरुमा लिखु-२, लिखु खोला ‘ए’, लोअर सोलु, ठूलो खोला, सुपर कावेली खोला र सुपर कावेली खोला ‘ए’ रहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले बिहीकार बिहान सामाजिक सञ्जालमा भारतलाई एक हजार मेगावाट बिजुली निर्यात गर्न लागेको उल्लेख गरेका छन् ।


मनको आवाज.............

‘नाम पनि यूनिक, काम पनि यूनिक’

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई